# वन समूहमा आन्तरिक सुशासन र रेडप्लसको प्रतिफल[1]

✍विष्णुहरि पौड्याल[२], गोविन्द पौडेल, हरिशरण लुइँटेल


## सारांश

वन एउटा त्यस्तो माध्यम हो जसले कार्बनको उत्सर्जन तथा कार्बन शोषण दुवै कार्य गर्दछ । यसकारण वैज्ञानिकहरुले वन विनाश तथा वन क्षयीकरण घटाउने तथा दिगो वन व्यवस्थापन गर्ने र वनमा कार्बनको सञ्चिति बढाउने अवधारणालाई जलवायु परिवर्तनसम्वन्धी छलफलको मुख्य विषयवस्तु मान्नुपर्ने बताउँदै आएका छन् । अध्ययनहरुले पनि सस्तो, छिटो र प्रभावकारी ढंगबाट वायुमण्डलमा कार्बन उत्सर्जन घटाउन वनले महत्वपूर्ण भूमिका खेल्न सक्ने कुरा देखाएका छन् । यसका साथसाथै जैविक विविधता संरक्षण र जलाधार व्यवस्थापनलगायत सहलाभ समेत यस अवधारणाले वृद्धि गर्नेतर्फ उनीहरुले औंल्याएका छन् । यसका लागि स्थानीय तहमा रहेका सरोकारवाला संघ संस्थाहरुको सुशासन पद्धति प्रमुख सवाल रहने छ । यस लेखमा लेखकहरुले सामुदायिक वन उपभोक्ता समूह (सावउस) हरुको सुशासन प्रवर्द्धन प्रयास र यस प्रक्रियाबाट प्राप्त सिकाईलाई स्थानीय तहमा रेडप्लस अवधारणाको सुशासन ढाँचा तयार गर्न उपयोगी हुने तर्क अघि सारेका छन् । यसका लागि हालसम्म प्राप्त भएका सिकाइ तथा प्रमुख चुनौतीलाई विश्लेषणका साथ लिपिबद्ध गर्ने र वृहत रुपमा आदानप्रदान गर्ने कार्य गर्न सकिन्छ । रेडप्लस संयन्त्र स्थानीय समुदायहरुका लागि एउटा आयातित अवधारणा भएकोले यसले हाल समुदाय स्तरमा भएका शासनको तौरतरिकामा थुप्रै चुनौती थप्न सक्छ । यस्ता चुनौतीका बाबजुद यदि सामुदायिक वन उपभोक्ता समितिहरुलाई प्रशस्त मात्रामा क्षमता विकासको अवसर दिने, साझेदारी भावनाका साथ शासन प्रक्रिया अघि बढाउने तथा समग्र कार्यक्रमलाई होसियारीका साथ व्यवस्थापन गर्ने कार्य गर्न सकेमा रेडप्लस अवधारणाले हालकै सामुदायिक वनका क्रियाकलाप मार्फत वातावरणीय तथा जीविकोपार्जनसँग सम्वन्धित थप उपलव्धिहरु हाँसिल गर्ने सम्भावना रहन्छ ।


## परिचय

नेपालको सामुदायिक वन व्यवस्थापन प्रक्रिया स्रोत व्यवस्थापनका लागि समुदायलाई हक-अधिकार दिंदै व्यवस्थित गर्ने कार्यमा एउटा सफल उदाहरण मानिन्छ । वन ऐन, २०४९ मा गरिएका कानुनी प्रावधानहरु जस्तैः सामुदायिक वनको सदस्य हुन पाउने अधिकार तथा वन स्रोत संरक्षण, सदुपयोग र व्यवस्थापन गर्न पाउने अधिकारले वनमाथिको सामुदायिक अपनत्व बढ्नुका साथै वन व्यवस्थापनसँग सम्वन्धित निर्णयहरु लिनका लागि समुदायलाई सशक्तिकरण गरेको छ । विगत साढे तीन दशकको अवधिमा सामुदायिक वनले वनको उचित व्यवस्थापन, जीविकोपार्जन, सामुदायिक विकास, सामाजिक परिवर्तन तथा स्थानीय स्तरमा प्रजातान्त्रिक अभ्यासलाई बलियो बनाउनका लागि प्रशस्त योगदान गरेको छ । (Pokhrel *et al.* 2007; Luintel *et al.* 2009)

यति हुदाँहुँदै पनि वनको दिगो व्यवस्थापन, समुदायको जीविकोपार्जन, सामाजिक समावेशीकरण तथा सावउसहरुको सुशासनजस्ता सवाल केही वर्षयता विस्तारै बाहिर आएका छन् । यस सन्दर्भमा वनमाथिको सामुदायिक अधिकार तथा सार्वभौमिकतालाई समग्र रुपमा वन व्यवस्थापनको प्रतिफलका लागि अत्यावश्यक र संवेदनशील तत्व मानिएको छ । (Arnold and Stewart 1991; Charnley and Poe 2007; Poudyal *et al.* 2070) ले सामुदायिक अधिकार तथा सार्वभौमिकताको प्रत्याभूति

[1] फरेष्टएक्सनको Journal of Forest and Livelihood [vol 11 (2): 2013] मा प्रकाशित "Enhancing REDD+ Outcomes through Improved Governance of Community Forest User Groups" शीर्षक लेखको नेपाली अनुवाद ।

[२] पत्राचारः bishnu.poudyal@recoftc.org

तथा वनबाट प्राप्त गर्न सकिने प्रतिफलहरुबीचको सामन्जस्यतामार्फत समग्र लाभ प्राप्त गर्ने कुरा मुख्यतया सावउसहरुको न्यायोचित तथा समतापूर्ण आन्तरिक सुशासनमा भर पर्ने कुरा औंल्याएका छन् । अहिले नेपाल सरकार, दातृ समुदाय तथा नागरिक समाज संस्थाले सावउसको आन्तरिक सुशासनमा वृद्धि गर्न धेरै प्रयास गरिरहेको देखिन्छ । वि.सं. २०६५ मा संशोधन गरिएको सामुदायिक वन मार्गदर्शनले समेत वन संरक्षण र संवर्धनद्धारा राम्रो प्रतिफल प्राप्त गर्नका लागि सावउसहरुको आन्तरिक सुशासन प्रवर्द्धनको महत्वलाई विशेष जोड दिएको पाइन्छ (CFD 2009) ।

संयुक्त राष्ट्रसंघ जलवायु परिवर्तनसम्वन्धी संरचना महासन्धि (UNFCCC) अन्तर्गत भइरहेको जलवायु सम्बन्धी छलफलले जलवायु परिवर्तन न्यूनीकरणको एक रणनीतिका रुपमा रेडप्लसलाई अघि सारेको छ । वेलायतका बैज्ञानिक निकोलस स्टर्नका अनुसार जलवायु परिवर्तन न्यूनीकरणका लागि यो एउटा छिटो, प्रभावकारी तथा सस्तो संयन्त्र हो । अन्य वैज्ञानिकहरुले समेत यदि होशियारीपूर्वक रेडप्लसको संरचना तय गर्न सकियो भने यसले समुदायको जीविकोपार्जन र जैविक विविधता संरक्षणका लागि थप सहयोग पुऱ्याउने आशा राखेका छन् (Angasen and Mc Neill 2012; Venter *et al.* 2009) । यसैगरी अन्य प्राज्ञिक व्यक्ति तथा नीति निर्माताले सा.व.का सफलताका पाटालाई आत्मसात गर्दै अघि बढ्ने हो भने रेडप्लसको समग्र प्रतिफललाई सुधार्न सकिने बताएका छन् (Agrawal and Angeisen 2009)।

रेडप्लसले वनको दिगो व्यवस्थापन र यसबाट कार्बन मौज्दात वृद्धि गर्नका लागि प्रभावकारी वन शासन तथा यसको संस्थागत क्षमता वृद्धिलाई धेरै प्राथमिकता दिन्छ । वन विनाश तथा जीविकोपार्जनको सवालसँग सम्बन्धित तत्वहरु रेडप्लससँग पनि जोडिएर आउने हुँदा रेडप्लसको एजेन्डा कार्बनसँग मात्रै सम्बन्धित नभई समग्र सामाजिक आर्थिक तथा राजनीतिक विषयवस्तु भएको छ । यसकारणले पनि रेडप्लसले कार्बनबाट प्राप्त हुने फाईदाका साथसाथै वन व्यवस्थापनसंग सम्बन्धित अन्य थुप्रै सामाजिक सवाललाई समेत सम्बोधन गर्नुपर्ने हुन्छ । यो तब मात्र सम्भव छ जब वन व्यवस्थापन प्रक्रिया र यसको लाभांश बाँडफाँटमा पारदर्शिता तथा जवाफदेहिता, स्वतन्त्र, अग्रिम र सूसुचित सहमति, न्यायोचितता तथा समग्र सामाजिक वर्गको समावेशीकरण जस्ता कुराहरु सुनिश्चित गरिन्छ (Springate- Basinski and Wollenberg 2010)। रेडप्लस कार्यान्वयनका उपयुक्त स्थानीय संस्थागत निकाय हुनका लागि सावउसले यसको सुशासनमा उचित ध्यान दिनुपर्ने आवश्यकता हुन्छ । यसैगरी रेडप्लसको प्रतिफललाई संस्थागत गर्न तथा न्यायोचित वितरणका लागि समेत सावउस सुशासन उत्तिकै महत्वपूर्ण हुन जान्छ ।

यो लेखले सावउसको आन्तरिक शासन प्रक्रियाका प्रमुख पक्षहरु तथा रेडप्लसको समग्र प्रतिफल वृद्धिका लागि सुशासनको भूमिकालाई अन्तर्सम्वन्धित बनाउँदै यसको आवश्यकताबारे प्रष्ट्याउने कोसिस गरेको छ ।

यसमार्फत हामीले सावउसमा हाल भइरहेको सुशासन अभ्यास र रेडप्लसमा यिनीहरुको सान्दर्भिकता प्रस्तुत गरेका छौं । पहिलो भागमा सावउसको शासन प्रक्रिया र रेडप्लसमा यसको महत्वबारे परिचय दिएको छ भने दोस्रो भागमा अध्ययनका विधि तथा प्रक्रियालाई प्रकाश पारिएको छ । अध्ययन गरिएका दुई सावउसहरुले हाल अपनाइरहेका शासन प्रक्रियालाई विस्तृत रुपमा खण्ड तीनमा वर्णन गरिएको छ । यसैगरी चौथो खण्डमा जलवायु परिवर्तन तथा रेडप्लसका क्रियाकलाप कार्यान्वयनमार्फत यिनीहरुको प्रतिफल वृद्धि गराउन सावउसको शासन प्रक्रियाको अहम भूमिकाबारे छलफल गर्दै अन्तिम खण्ड लेखको निष्कर्ष प्रस्तुत गरिएको छ ।

यो लेख सन् २०१० मा गरिएको सावउसको सुशासन अध्ययनको आधारमा तयार गरिएको हो । उक्त अध्ययन सन् २००७ मा लुँइटेल लगायत लेखकबाट प्रस्तावित सुशासन आंकलन ढाँचामा आधारित थियो । उक्त ढाँचाले सावउसको शासन प्रक्रियामा केही नयाँ महत्वपूर्ण तत्वहरु समेत थप गरेको छ । पहिचान गरिएका प्रमुख तत्वहरुमा-

क) सहभागिता र आवाज पुऱ्याउन सक्ने क्षमता र प्रक्रिया
ख) समुदायको विविधता तथा समावेशीकरण
ग) वन भूमि, परम्परागत क्षेत्र तथा गर्दै आएको अभ्यासमा पहुँच
घ) जवाफदेही तथा पारदर्शिता
ङ) शक्तिसम्बन्धी विवाद समाधान तथा समता
च) परिवर्तनका सेवा तथा स्थानीय ज्ञान

छ) कार्यान्वयन स्वमूल्यांकन अरुसँग सिकेर व्यवहारमा ल्याउनसक्ने क्षमता र सहकार्य

झ) योजना तर्जुमा तथा निर्णय प्रक्रिया

ञ) विधान तथा नीति-नियम पालना

ट) वाह्य वातावरणको अनुगमन गर्ने र यसबाट सिक्ने संयन्त्र

ठ) प्रभावकारिता तथा कार्यदक्षता

यी माथि उल्लेखित तत्वहरु सावउसको शासन प्रक्रियाबारे विश्लेषण गर्न सक्षम र प्रशस्त थिए कि थिएनन् र नयाँ परिवेशमा अरु केही तत्व थपिएका छन् कि भनेर सम्बन्धित तथा सान्दर्भिक स्रोत सामग्रीहरु अध्ययन गरिएको थियो। त्यस्तै वनको वातावरणीय मूल्य र महत्व बढ्दै गएको अहिलेको विश्व परिवेशमा विज्ञहरुबाट थप राय लिनका लागि विषय विज्ञहरुसँग परामर्श गरिएको थियो।

समुदायको सामाजिक तथा सांस्कृतिक र वातावरणीय तथा भौगोलिक परिवेशलाई मध्यनजर गर्दै ललितपुर जिल्लाको पात्ले सावउस र नवलपरासी जिल्लाको सुन्दरी सावउस अध्ययनको लागि छानिएका थिए। अध्ययनका लागि आवश्यक पर्ने तथ्यांकहरु, कार्य समितिका सदस्यहरुसँगको अन्तर्वार्ता, समुदाय तथा वन क्षेत्रको अवलोकन, लक्षित समूह छलफल, मुख्य सूचनादातासँगको अन्तर्वार्ता, विज्ञहरुको परामर्श बैठक तथा सावउसका क्रियाकलापहरुको अवलोकनजस्ता विधि तथा प्रक्रियाबाट संकलन गरिएका थिए। यसैगरी द्वितीय तहको सूचना तथा जानकारी जिल्ला वन कार्यालय, गाविस तथा सामुदायिक वन उपभोक्ता महासंघ नेपालको अभिलेखबाट संकलन गरिएका थिए।

## समूहका मुख्य विशेषता र सुशासन अभ्यास

अध्ययन गरिएका सा.व.को ऐतिहासिक तथा भौगोलिक वातावरणका मुख्य विशेषताः

### पात्ले सामुदायिक वन

यो वन ललितपुर जिल्लाको लामाटार गाविसमा अवस्थित छ। १५८ घरधुरी रहेको यस सावउसको क्षेत्रफल ११९ हेक्टर छ। समुद्रीसतहबाट १४०० देखि १८०० मी. उचाइमा रहेको उपोष्ण प्रकारको यस वनले मध्यपहाडी वनको प्रतिनिधित्व गर्दछ। यी वनहरु आर्थिक दृष्टिकोणबाट धेरै मुल्यवान नभएता पनि स्थानीय समुदायको जीविकोपार्जनका लागि महत्वपूर्ण मानिन्छन्।

यस वनमा स्थानीय समुदायमार्फत वन व्यवस्थापन गर्ने कार्यको सुरुवात सन् १९९१ देखि नै भएको देखिन्छ। सर्वप्रथम स्थानीय समुदायले वन उपभोक्ता समूह बनाउँदाका मुख्य उद्देश्य समग्र वनको उत्पादकत्व बढाउने र समुदायको वन पैदावारको आधारभूत आवश्यकता पूर्ति गर्ने थियो। त्यतिखेर घरघरबाट पैसा संकलन गरेर वन हेरालु राखिएको थियो। सन् १९९७ मा जिल्ला वन कार्यालयले यसलाई समुदायमा हस्तान्तरण गऱ्यो। केही वर्षमा नै समुदायले चरिचरन र वन डँढेलोलाई नियन्त्रण गर्दै वनको उत्पादकत्व बढाए र यसको आपूर्ति तथा जैविक विविधतामा समेत उल्लेख्य वृद्धि भयो। यसका साथसाथै वन पैदावार बिक्री वितरणबाट समुदायको कोषमा पनि वृद्धि भयो। अन्य आम्दानीका स्रोतमा पिउने पानीको आपूर्ति, दण्ड तथा सजायँमार्फत संकलित रकम तथा सरकारी र गैरसरकारी संघसस्थाबाट वन व्यवस्थापनका लागि प्रदान गरिएको अनुदान आदि छन्। हाल उपभोक्ताहरु विस्तारै वातावरणीय सेवाको भुक्तानी (Payment for Environmental Services -PES) जस्ता विषयमा समेत जानकार भएका छन्। सावउसले तयार पारेको विस्तृत कार्ययोजनामा वन व्यवस्थापनसम्बन्धी क्रियाकलाप तथा विधानमा संस्थागत शासन प्रक्रियासम्बन्धी व्यवस्था स्पष्ट रुपमा लेखिएको छ। हालैमात्र समूहको विधान तथा कार्ययोजना आगामी १० वर्षका लागि संशोधनसमेत भएको छ। यी योजनाले सामुदायिक वन पैदावरका लागि आत्मनिर्भर हुने र समग्र समुदायलाई राम्रो बनाउने उल्लेख गरेका छन्।

### सुन्दरी सामुदायिक वन

सुन्दरी सावउस नवलपरासी जिल्लाको अमरापुरी गाविसमा अवस्थित छ। यस समुदायमा जम्मा १,५३३ घरधुरी छन् र यिनीहरुले ३८५ हेक्टर वन व्यवस्थापन गरिरहेका छन्। दक्षिणको सम्म भूभाग तराईमा अवस्थित रहेकोले यहाँ सालजस्ता उत्पादनशील वन रहेका छन् र प्रत्येक वर्ष आम्दानी पनि राम्रै हुने गरेको छ।

सन् १९९७ ताका जब नेपालका मध्यपहाडी भूभागमा सा.व.को लहर आएको थियो, यस क्षेत्रका केही सक्रिय युवाले वन कर्मचारीसँग स्थानीय

समुदायमार्फत वन व्यवस्थापन गर्ने अवधारणामा अन्तरक्रिया गर्न थाले । त्यतिखेर एक युवाको संयोजकत्वमा वन संरक्षण समिति गठन भयो । जिल्ला वन कार्यालयले पनि सामुदायिक वनका लागि आवश्यक सहजीकरण गर्न थाल्यो र विधान तथा कार्ययोजनासमेत तयार गरिदियो । जिल्ला वनले उक्त विधान तथा कार्ययोजनालाई स्वीकृत दिँदै सन् १९९८ मा यो वन समूहलाई औपचारिक रुपले हस्तान्तरण गर्‍यो । नीतिमा उल्लेख गरेबमोजिम सुन्दरी सामुदायिक वनले आफ्नो विधान र कार्ययोजना दुईपटक संशोधन गरिसकेको छ । यसप्रकार स्थानीय समुदायको सक्रिय सहभागिता तथा बलियो कानुनी संरचनाले समग्र वनको अवस्थामा सुधार ल्याउन प्रशस्त योगदान गर्‍यो । स्थानीय समुदायको अग्रतामा जथाभावी चरिचरन, वन डँढेलो, गैरकानुनी कटानी, अतिक्रमण तथा खोरिया खेती प्रणाली नियन्त्रण भयो र वनको उत्पादकत्व जैविक विविधता तथा जलाधार संरक्षणमा सुधार आयो । यसका अतिरिक्त वन पैदावार बिक्री वितरण, सदस्यता शुल्क, दण्ड तथा जरिवाना र वन व्यवस्थापनका लागि सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त सहयोगका कारण समुदायको कोष बढ्दै गयो । हाल यस सामुदायिक वनले वार्षिक ३५ लाख रुपैयाँ बराबरको कोष समुदायभित्र काठ बिक्रीबाट मात्र जम्मा गरेको छ । समूहभित्रका सदस्यलाई काठको मूल्यमा एकदमै धेरै छुट दिइएको छ । सामुदायिक वन समूहले उनीहरुको कोष मुख्यगरी सडक निर्माण, खानेपानी, विद्यालय, आयआर्जनका क्रियाकलाप, वन व्यवस्थापन तथा असहायलाई सहयोग आदिमा प्रयोग गरिरहेका छन् । अहिले सुन्दरी वनको तालिम हलसहित सहभागीलाई बस्न मिल्ने सुविधा तथा आफ्नै कार्यालय भवन छ । यसका साथै एउटा नर्सरी र एउटा गैरवनपैदावर प्रदर्शन स्थलसमेत छ ।

## अध्ययन गरिएका वनमा सुशासन अभ्यास

यो अध्ययनले उल्लेखित दुई सामुदायिक वनको शासन प्रक्रिया विश्लेषण गरेको थियो । यस विश्लेषणमा सुशासनका प्रमुख ४ तत्वहरु सहभागिता, पारदर्शिता, जवादेहीता र कानुनको शासनमा मात्र केन्द्रित नभई त्योभन्दा पनि गहिरो रुपमा समुदायभित्र तथा समुदाय-समुदायबीचको जटिल सम्बन्धलाई बुझ्ने प्रयास गरिएको छ । यस प्रकारका प्रमुख तत्वहरु निम्न बमोजिम छन् :

## सहभागिता, क्षमता तथा अवसर

दुवै वनहरुले स्थानीय तहका उपभोक्ताको सहभागिता वृद्धि गर्नाका लागि विविध प्रकारका क्रियाकलाप गर्ने गरेका छन् । यस्ता प्रकारका भेला बैठकले उपभोक्तालाई आफ्ना कुरा राख्न मद्दत पुर्‍याइरहेका छन् । यस प्रकारको प्रयोजनले दलित, महिला, गरिब र अन्य पछाडि पारिएका व्यक्तिलाई अवसर प्रदान गरेको छ ।

यी सामुदायिक वनहरुमा दलित, महिला तथा पछाडि पारिएका वर्गको सहभागिता सुनिश्चित गर्न उनीहरुलाई विशेष कोटासमेत छुट्याइएको छ । यी प्रावधानहरु सहभागिता बढाउने कार्यका लागि अत्यन्तै जरुरी छन् । यति हुँदाहुँदै पनि त्यस्ता वर्गको सहभागिता अझै पनि उल्लेखनीय हुन सकेको छैन । दलितका अनुसार उनीहरु साधारणसभामा भन्दा टोल-बैठकमा आफ्ना कुरा स्वतन्त्रपूर्वक राख्न सक्छन् । कहिलेकाँही साधारणसभाले आफ्ना सवाललाई वास्ता नगरेको उदाहरण उनीहरुसँग छ । यसैगरी दलित महिलाहरुको आफ्नै कथा छ । उनीहरु साधारणसभामा संलग्न हुँदा उपल्लो जातका व्यक्तिहरुअगाडि कुरा राख्न गाह्रो भएको तथा सधैंजसो जीविकोपार्जनका लागि काममा जानुपर्ने बाध्यताले अन्य बैठकमा पनि सहभागी हुन नसकेको बताउँछन् ।

## विविधता तथा समावेशीकरण

देशका अन्य भागबाट बसाईंसराई गरी आउने व्यक्तिको चापका कारण तराईको बस्ती पहाडको दाँजोमा अझ बढी जातीय तथा साँस्कृतिक विविधताले भरिएको छ । यस प्रकारका सामाजिक विविधता र फरकपन जातीय, लैगिंक, भौगोलिक अवस्था, सामाजिक रहनसहन, आर्थिक वर्ग, उमेर, शिक्षा, पेसा तथा राजनीतिक आस्थाजस्ता कुराले निर्देशित गर्दछ । अध्ययन गरिएका सामुदायिक वनले यसप्रकारको विविधता तथा फरकपनका समुदायका आवश्यकता तथा चाहनालाई सम्बोधन गर्न विविध प्रकारका संस्थागत संरचना तय गरेका छन् । यीमध्ये दलित समुदायका व्यक्तिलाई विशेष सुविधा र आर्थिक सहयोग, महिला, दलित वा गरिबका लागि लक्षित कोटा नेतृत्वमा उनीहरुलाई उत्प्रेरणा/हौसला, परियोजना तथा कार्यक्रम निर्माण गर्दा पछाडि पारिएका समुदायलाई विशेष व्यवस्था आदि हुन् । विभिन्न उपसमिति बनाउने

र तिनमा समावेशीकरणमा विशेष जोड दिने कार्यले अवसरसमेत दिएको छ तर समुदायमा जकडिएर रहेको जातमा आधारित संरचना अझैसम्म पनि प्रभावी रहेकाले दलित समुदायका व्यक्तिहरुले पाउनुपर्ने सेवासुविधा राम्रोसँग उपयोग गर्न सकिरहेका छैनन् ।

## वन भूमिमा पहुँच

सामुदायिक वनहरुले आफ्ना विधान र कार्ययोजनामा भएका नीति-नियमबमोजिमका अधिकार प्रयोग गर्दै आएका छन् । सामुदायिक वनका सदस्य बन्नका लागि समुदायको निश्चित सीमाभित्र जग्गा जमिन र घर भएका व्यक्तिहरु हुनुपर्छ । उनीहरुले पुर्ख्यौली सम्पत्ति र व्यवस्थाका आधारमा सदस्यता पाउँछन् । तर, बाहिरबाट बसाइँ सरी आउने व्यक्तिहरुका हकमा तोकिएबमोजिम प्रवेश तथा सहायता शुल्क तिरेर सदस्य हुन पाउने व्यवस्था छ । अध्ययन गरिएका वनहरुमा सदस्यता प्रदान गर्ने तथा प्रवेश शुल्क निर्धारण गर्ने आधार तय गरिएका छन् । उदाहरणका लागि गरिब तथा सुकुम्बासीलाई सदस्यता शुल्क मिनाहा दिने गरिएको देखिन्छ । यसप्रकार वन स्रोतमा पहुँचको अधिकारले वन स्रोत व्यवस्थापनमा समूह तथा व्यक्तिलाई प्रोत्साहन तथा निरुत्साहन गर्छ । यी सामुदायिक वनहरुमा वन ऐन, २०४९ ले लिएका अधिकारका आधारमा सामुदायिक वनको भूमिकामा पहुँच र प्रयोगको अधिकार उपयोग गरिएको पाइन्छ ।

## जवाफदेही तथा पारदर्शिता

सामुदायिक वन समूह तथा कार्यसमिति सदस्यहरु सुशासनका लागि जवाफदेही र पारदर्शिता महत्वपूर्ण हुन् भन्नेमा जानकार देखिन्छन् । दुवै वनले आफ्ना क्रियाकलापहरु सरकारी नीति नियम तथा सा.वन.को विधान र कार्ययोजनाबमोजिम नै रहेको बताउँछन् । कार्यसमिति सदस्यहरु साधारणसभा तथा टोल, वार्ड भेलामार्फत सामुदायिक वन समूहप्रति जवाफदेही बनाइएका छन्, जसले उपभोक्ताहरुमा विश्वास बढाएको छ । यस्तै आर्थिक चुस्तताको लागि लेखा उपसमिति बनाई आन्तरिक लेखा परीक्षण कार्य गर्नाले जवाफदेहितालाई बलियो बनाएको देखिन्छ । नेपाल सरकारको नीति-बमोजिम सरकारी दर्तावाल वाह्य लेखापरीक्षकबाट लेखापरीक्षण गराउने कार्य पनि सामुदायिक वनले गर्दै आएका छन् । लेखापरीक्षण प्रतिवेदन तथा कार्यसमितिका अन्य निर्णय साधारणसभा समक्ष प्रत्येक वर्ष पेस गर्नुपर्छ र स्वीकृति लिनुपर्छ तर यदि यस प्रकारका संस्थागत अभ्यासको प्रभावकारिता कार्यदक्षता तथा प्रतिफलको बारेमा अझै पनि एक पटक फर्केर हेर्ने तथा अन्य समूह समुदाय तथा निकाय बीच आदान प्रदान गर्नु जरुरी छ ।

## शक्ति सम्बन्ध विश्लेषण, विवाद समाधान तथा समता

यस अध्ययनमा लिएका दुई सामुदायिक वनले समितिको शासन र स्रोत व्यवस्थापन प्रक्रियामा शक्ति सम्बन्धको भूमिका र त्यसको असर प्रत्यक्ष र अप्रत्यक्ष रुपमा परेको कुरा अनुभव गरेका छन् । जात, वर्ग, शिक्षा, राजनीतिक आबद्धता तथा सामाजिक नेतृत्व जस्ता कुराले शासन प्रक्रियालाई कमजोर वा बलियो बनाउने कार्य गर्दछन् । यस प्रकारको शक्ति सम्बन्धले व्यक्तिको निर्णय गर्ने प्रक्रिया प्रभावित हुन्छ । कार्य समिति र उपसमितिले आफ्नो औपचारिक शक्ति सामुदायिक वन समूहका क्रियाकलाप कार्यान्वयनका क्रममा प्रयोग गर्दछन् भने राजनीतिक पार्टीका स्थानीय नेतृत्वहरुले कार्यसमितिको छनोट प्रक्रिया र उनीहरुका गतिविधिलाई प्रभाव पार्दछन् । सुन्दरी वन समूहमा छलफल गर्दा यस वनमा केही विवाद नभएको कुरा आयो भने पात्ले वन समूह सदस्यले यहाँको वनमा अझ पनि कार्यसमितिकेन्द्रित मात्र भएको र यसले कहिलेकाहीं विवाद निम्त्याउने गरेको बताए ।

## ज्ञान, मुल्यमान्यता र क्षमता

सामुदायिक वन समूहसँगको छलफलबाट सावउसमा परिवर्तन ल्याउनका लागि कुनै व्यक्ति विशेषको नेतृत्व गर्नसक्ने गुण, लगाव तथा यसको चरित्रले महत्वपूर्ण प्रभाव पार्ने कुरा प्रष्टियो । यसका लागि बाह्य संघसंस्थाको भूमिका पनि उत्तिकै महत्वपूर्ण हुने कुरामा समुदाय विश्वास गर्दछन् । प्रमुखतः कुनै नौलोखालका अभ्यासहरु सुरु गर्न तथा यसलाई संस्थागत गर्न र स्थानीय नेतृत्वलाई सामाजिक तथा वातावरणीय परिवेशअनुसार अघि बढ्नका लागि सहजीकरण गर्न बाध्य संघसंस्थाको ठूलो भूमिका रहेको छ । दक्ष तथा तालिमप्राप्त स्थानीय तहका सहजकर्ताले समेत सावउसको प्रगतिका लागि ठूलो भूमिका खेलेका छन् । लक्षित समूह छलफलका क्रममा समुदायका व्यक्तिले स्थानीय ज्ञान, सीप, मुल्य मान्यता तथा वन

व्यवस्थापनका प्रयाससँग अहिलेको प्रविधिजन्य बाह्य विकासलाई जोड्न सकेमात्र पनि सावउसले समय सान्दर्भिक प्रगति गर्न सक्ने औंल्याए । यति हुँदाहुँदै पनि केही परम्परागत अभ्यासले समुदायको बीचमा विभेद बढाउने कार्य गरेका छन् र यस्ता अभ्यास तथा संस्थालाई समुदायको दिमागबाट हटाउनु जरुरी देखिन्छ ।

### योजना निर्माण तथा निर्णय प्रक्रिया

सामुदायिक वन समूहहरुले दलित, महिला तथा गरिब लगायतका सम्पूर्ण वर्गको सक्रिय सहभागिता प्रवर्द्धन गर्न थुप्रैखालका नयाँ-नयाँ सोच तथा प्रक्रिया अघि बढाएको कुरा यस अध्ययनमा देखिएको छ । टोल तथा गाउँस्तरीय बैठक यस्तै सोचमध्येको एक हो जहाँ उपभोक्ताले आफ्ना कुरा साधारण सभाभन्दा अलि बढी खुलस्त रुपमा राख्ने गर्दछन् । यस्ता बैठकमा प्रायःजसो टोलको साझा चाहना तथा सवालका बारेमा कुरा हुन्छ र सबै मिलेर सावउसको निर्णय प्रक्रियामा केही प्रभाव पार्न सक्छन् । यस्तै सावउसहरुमा कार्यसमिति बाहेक अन्य उपसमितिहरु तथा सल्लाहकार समितिबनाउने प्रचलनले समेत सबै वर्गको सहभागितामा योजना प्रक्रिया अघि बढाउन सहज बनाइदिएको छ । समुदायले उक्त समितिमार्फत आफ्ना समस्या, सवाल तथा निर्णय प्रक्रियामा आफ्नो आवाज उठाउन सक्छन् । तर, पनि धेरैजसो अवस्थामा यी उपसमिति सक्रिय छैनन् । हाम्रो यस अध्ययनले सावउसको योजना निर्माण प्रक्रियामा स्थानीय, राष्ट्रिय तथा जिल्ला तहका थुप्रैखालका बाह्य संस्था तथा व्यक्ति मुख्यतयाः वनको कर्मचारीसंयन्त्र, गैरसरकारी संस्था, सञ्जाल तथा महासंघ राजनीतिक पार्टीहरु, दाताहरु तथा तिनका परियोजनाको प्रभाव छ भन्ने देखाएको छ ।

### कार्यान्वयन-मूल्यांकन, क्षमता तथा सहकार्य

सामुदायिक वन समूहले समुदायको क्षमता विकास, सशक्तिकरण, जीविकोपार्जन सुधार, आयआर्जन तथा संस्थागत सुशासनमा प्रशस्त योगदान पुऱ्याएका छन् । कार्यसमिति तथा साधारण भेलामा गरिएका निर्णय नीति-नियम बमोजिम लागु भएका छन् । यस्ता निर्णय कार्यान्वयनका लागि सावउसको स्वअनुगमन, सरकारद्वारा अनुगमन मूल्यांकन गर्ने गतिविधिले धेरै सहयोग पुऱ्याएका छन् । मूल्यांकन कार्यले समग्र क्रियाकलापको गुणस्तर तथा प्रभावकारीता बढाएको छ । यसले समुदायहरु विचको भाइचारा सम्बन्धलाई अझ बढाएको छ र एक आपसमा विश्वसनीयता बढाएको छ ।

यसैगरी स्वअनुगमनका कारण अपनत्व बढ्न गई चोरी निकासी तथा संस्थागत आर्थिक हिनामिना समेत कम भएर सुशासन वृद्धिमा राम्रो सहयोग पुगेको छ । सिकाइको आदानप्रदान तथा बेलाबेलामा हुने अन्तर्क्रियाका कारण सावउसमा एक अर्काबाट भएका सिकाइलाई आत्मसात गर्दै अघि बढ्ने क्षमता वृद्धि भएको छ । यसैगरी स्थानीय निकायहरुसँग विकासका विविध क्रियाकलाप र वन व्यवस्थापनमा सहकार्य गर्ने बानीको विकास भएको देखिन्छ । तर पनि स्वमूल्यांकन तथा कार्यान्वयनमा अझै पनि कम समावेशी र पारदर्शिताको कमी-कमजोरीले गर्दा समग्र प्रतिफल आशा गरिए जति मात्रामा हुन सकेको छैन ।

### विधान तथा नीतिको पालना

केही चुनौतीका बाबजुद समूहका सदस्यहरुले समूहको विधान तथा कार्ययोजना पालना गर्दै आएका छन् । जब समूह वा समितिमा केही बाह्य प्रभाव पर्छ, यस प्रकारका नीति-नियम तथा योजना कार्यान्वयन गर्न केही अप्ठ्यारो महसुस भएको देखिन्छ । उदाहरणका लागि पात्ले वनको विधान तथा कार्ययोजनामा जलवायु परिवर्तन र वातावरणीय सेवा भुक्तानीका प्रावधान समेत उल्लेख भएका छन् तर समुदायमा त्यसको बुझाई प्रष्ट छैन । धेरैजसो सदस्यलाई यो प्राथमिकताको विषय होइन र चासो पनि छैन । उनीहरु समूह अझै पनि समावेशीकरण, जीविकोपार्जन जस्ता सवालमा केन्द्रित हुनुपर्ने बताउँछन् । नीतिनियम तथा विधान पालना गर्नमा त्यस ठाउँको सामाजिक आर्थिक अवस्थाले समेत असर पार्दछ । उदाहरणका लागि सुन्दरी वनमा वननजिकै रहेका गरिब परिवारलाई समेत कडाइका साथ नीतिनियम लागू गरी दण्ड जरिवाना गरिएको र पात्ले वनमा चाहिँ उच्च वर्गका व्यक्तिहरुलाई पनि नीतिनियम पालना गराउन नसकिएको कुरामा समिति सदस्य तथा उपभोक्ताहरु बताउँछन् ।

## बाह्य परिवेश, संयन्त्र तथा क्षमता

सावउस कार्यसमितिका व्यक्तिहरुलाई विश्वव्यापी तथा राष्ट्रियस्तरमा भए गरेका गतिविधिबारे केही जानकारी पाएता पनि उपभोक्ताहरु राष्ट्रिय रुपमा वनका सवालहरु र समग्र नीतिनिर्माण प्रक्रिया र कार्यान्वयनको अवस्था आदिबारे पर्याप्त जानकारी छैनन्। तर सामुदायिक वनको कार्ययोजनामा जैविक विविधता, वातावरणीय सेवाको भुक्तानी जस्ता कुरा उल्लेख गरिएको छ जुन चाँहि कतै बाहिरबाट आयातित अवधारणाजस्तो देखिन्छ। देशको राजधानीबाट साह्रै नजिकको सामुदायिक वन भएकाले पाल्ते सामुदायिक वनका सदस्यले धेरै सूचना, जानकारी प्राप्त गर्ने अवसर छ तर वन विकासको फराकिलो सन्दर्भलाई बुझेर संस्थागत सिकाइलाई बढावा दिने वातावरण, संयन्त्र र उत्साहलाई संस्थागत बनाउन सकिएको छैन। यसप्रकार विश्वव्यापी रुपमा आएका अवधारणा तथा संयन्त्रलाई समुदायका सम्पूर्ण सदस्यले आत्मसात गर्न सकेको देखिन्न।

## प्रभावकारिता तथा कार्यदक्षता

अन्तर्क्रिया गरिएका उपभोक्ताले कार्यसमितिको कार्यदक्षता र प्रयासको प्रशंसा गरे। वनको उचित व्यवस्थापनबाट सावउसको कोष बढाउन, हरियाली वृद्धि गर्न, तथा दैनिक रुपमा उपभोक्तालाई आवश्यक वन पैदावार उपलब्ध गराउन कार्यसमिति लागि परेको देखिन्छ। तर, पनि उचित वन व्यवस्थापनको बढ्दो माग, बजारको अवस्था तथा बदलिँदो वातावरणीय परिवेशमा उनीहरुको प्रभावकारिता तथा कार्यदक्षता बढाउनु जरुरी देखिन्छ। अझैसम्म पनि कार्यसमिति सदस्यहरुले बढ्दो सेवाको मागलाई समयमै प्रदान गर्न सकिरहेका छैनन्। सावउसको कोष बढेता पनि गरिबमुखी आयआर्जनका क्रियाकलापहरुले कम प्राथमिकता प्राप्त गरेका छन्। नेतृत्वमा रहेका व्यक्तिहरु गरिबी, जीविकोपार्जन तथा समावेशीकरणसम्बन्धी सचेत र जागरुक देखिएता पनि यस कुरालाई सम्बोधन गर्न उनीहरुको क्षमता र खुवी प्रशस्त छैन।

## आन्तरिक सुशासन र रेडप्लसको प्रतिफल

अध्ययन गरिएका सामुदायिक वन उपभोक्ता समितिहरुको अवस्था तथा सन्दर्भ सामाग्रीहरु विश्लेषणबाट सावउसहरु सुशासनको अवस्था र रेडप्लसका सन्दर्भमा प्राप्त सिकाईहरुलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ।

## सहभागी, समावेशी तथा पारदर्शी निर्णय

सहभागिताको प्रमुख लक्ष्य समावेशीकरणको प्रवर्द्धन हो (Agrawal 2001)। वनमा आश्रित समुदायहरुको अधिकारलाई सम्मान गर्नका लागि रेडप्लस अवधारणामा सहभागिता एक आधारभूत सिद्धान्त हो। (Sikor *et al.* 2010)। माथि प्रस्तुत अध्ययनले के देखाउँछ भने रेडप्लस अवधारणामा सावउसको सहभागिताका लागि नीति तथा स्पष्ट कार्यप्रक्रिया जरुरी हुन्छ। सावउसअन्तर्गतका उपसमिति बनाउनु भनेको मान प्रतिष्ठा भएकालाई मात्र होइन पछाडि पारिएका समुदायहरु जस्तैः गरिब र सीमान्तीकृत समूहलाई पनि सामाजिक स्थान प्रदान गर्नु हो। गरिबहरुलाई लाभ तथा दलित र गरिब महिलाहरुको सहभागिता प्रवर्द्धन गर्ने सन्दर्भमा सामुदायिक वन सफल भएको मानिन्छ (Pokharel and Niraula 2004)। अनुभव आदानप्रदान गर्ने, अवसर प्रदान गर्ने र एक आपसमा छलफलको प्रक्रिया बलियो र संस्थागत बनाउने, न्यायोचित लाभांश वितरणको अभ्यास गर्ने र सामाजिक विभेद तथा विविधताका सवालहरुलाई सम्बोधन गर्ने सामुदायिक वनका अभ्यासहरु रेडप्लसको सुशासन प्रक्रिया सुधार्न समेत महत्वपूर्ण हुन जान्छन्। यसले रेडप्लस तथा सामुदायिक वनका बीच महत्वपूर्ण सामञ्जस्यता ल्याउँछ र कार्बन तथा गैरकार्बन लाभका लागि राम्रो प्रतिफलको आशा गर्न सकिन्छ। यसैगरी सामुदायिक वनमा देखिएको समुदायको सहभागिता तथा अन्य सिकाइहरु रेडप्लस परियोजना निर्माण तथा कार्यान्वयनका तहमा आत्मसाथ गर्न सकिन्छ। रेडप्लस प्रक्रियामा सहभागिता तथा पारदर्शिता प्रबर्द्धनका लागि रेड रणनीति निर्माण प्रक्रियामा समावेशी प्रक्रिया अपनाउनु प्रभावकारी हुन्छ। विकेन्द्रित व्यवस्थापन पद्धतिले कुनै पनि क्रियाकलापको निर्णय प्रक्रियामा स्थानीय समुदायको सहभागिता बढ्ने कुरा अनुसन्धानकर्ताहरुले बताएका छन् (Sikor *et al.* 2010)।

यति हुँदाहुँदै पनि हाम्रो सामाजिक तथा सांस्कृतिक संरचना र मान्यताका कारण सामुदायिक वन समूहभित्र रहेका विभेदकारी नीतिनियम, बहुमतका आधारमा निर्णय गर्ने पद्धति तथा पछाडि पारिएका वर्गको आवाज सुनुवाइ नगरी वेवास्ता गरिने कार्यले यी वर्गको समग्र

सहभागितामा नै असर पर्न सक्छ । यसतर्फ गहिरिएर विचार नगर्ने हो भने ती वर्गको सहभागिता कुनै पनि बेला टुट्न सक्छ । (Pokharel and Nurse 2004) ले प्रस्तुत गरेको तलको उदाहरणले यो देखाउँछ ।

> *सामुदायिक वनहरुमा गरिब नै सबभन्दा बढी पींडित भएका हुन्छन् किनकि उनीहरु सहभागिताका लागि आवश्यक पर्ने समय तथा स्रोत लगानी गर्न सक्दैनन् । यदि सहभागिता जनाए पनि मुस्किलले आफ्ना कुरा राख्न सक्छन् । कुरा राखिहाले पनि उनीहरुका कुरा विरलै सुनिन्छन् । कुरा सुनिए पनि उनीहरुको पक्षमा विरलै मात्र निर्णय हुन्छ । यदि निर्णय भइहाले पनि धेरै कम मात्र कार्यान्वयन हुन्छन् । यदि कार्यान्वयन भइहाले पनि त्यसबाट कम मात्र फाइदा प्राप्त गर्न सक्छन् ।*

सावउसका प्रयासमा प्रभावकारी सहभागिता सकारात्मक देखिएता पनि यो गरिब तथा पिछडिएका वर्गको सहभागिता वृद्धि गर्न पर्याप्त छैन । यसकारण पनि रेडप्लस प्रक्रियामा वन संरक्षण गर्ने वास्तविक उपभोक्ताको सहभागिताको गुणस्तर वृद्धि गर्नु जरुरी छ । रेडप्लस अवधारणाबमोजिम यसको प्रभावकारी कार्यान्वयनका लागि सावउस समूह तथा सञ्जाल बन्न जरुरी हुनसक्छ । यस्ता सञ्जाल तथा समूहहरुको व्यवस्थापन कार्य थप जटिल हुनसक्छ । यस्तो अवस्थामा गरिब तथा पछाडि पारिएका वर्गहरुको क्षमता अभिवृद्धि तथा शक्तीकरण बढी उपयोगी हुन सक्छ ।

## पहुँच, समता तथा शक्ति सम्बन्ध

भिन्न सामाजिक, सांस्कृतिक र आर्थिक पृष्ठभूमि भएका वास्तविक वन संरक्षणमा लागि पर्ने समुदायबीच न्यायोचित लाभांश वितरण रेडप्लसको एउटा प्रमुख सिद्धान्त हो । जसले सावउसको वन स्रोतमाथिको अधिकारलाई समेत समेट्ने प्रयास गरेको छ (Sikor *et al.* 2010) । वन व्यवस्थापन गर्ने समुदायहरुको वन कार्बन तथा भूमिमाथिको कानुनी तथा परम्परागत अधिकारको अवस्थाले रेडप्लसको प्रोत्साहन रकमको प्रवाह तथा वितरणमा असर पार्छ (Robledo *et al.* 2008) । वन स्रोतमाथि पहुँच तथा स्वामित्वको अधिकार सुरक्षित गरेको खण्डमा मात्रै सावउस जस्ता संस्थाहरुले वनको व्यवस्थापन क्रियाकलापमा उत्साहपूर्वक योगदान गर्दछन् । यसले रेडप्सलको समग्र प्रतिफलमा समेत सकारात्मक प्रभाव पर्दछ । तर, सामुदायिक वनको सन्दर्भमा वन कार्बनमाथिको अधिकार अझै स्पष्ट छैन । वन स्रोत तथा जमिनको स्वामित्व समुदाय तथा सरकारसँग छुट्टाछुट्टै रहेको अवस्था छ । यस्तो स्थितिमा वन समूहले रेडप्लसको फाइदा प्राप्त गर्ने सन्दर्भमा राज्य तथा समुदाय बीच विवाद सिर्जना हुन सक्छ । हालको सावमा भूस्वामित्वको अवस्था र यसले रेडप्लसको प्रतिफलमा के प्रभाव पार्न सक्ला भन्ने जानकारी सावउस कार्यसमिति तथा समूह सदस्यमा साह्रै न्यून छ । सावमा स्वामित्वको अवस्था र रेडप्लसले सावउसहरुको वन अधिकारमा के प्रभाव पार्न सक्छ भन्ने कुरामा सिमित जानकारी भए पनि सावमाथिको अधिकार सुरक्षित राख्न तथा रेडप्लस अवधारणालाई सफल बनाउन सावउसले देखाएको प्रतिबद्धता साह्रै उत्साहजनक छ ।

जब स्थानीय तहमा समुदाय विकास तथा जीविकोपार्जनका लागि तथा विश्वव्यापी रुपमा वातावरणीय सेवाका लागि वन स्रोतहरुको महत्व बढ्दै जान्छ, तब वन क्षेत्रमा रहेका विविध प्रकारका सरोकारवालाको फरक चाहना तथा इच्छा देखा पर्दै जान्छ । यसै क्रममा समग्र सुशासनको परिणाममा असर पार्ने तत्वहरु जस्तैः स्रोतमा पहुँच, लाभांशमा समता तथा न्यायोचितता र शक्ति सम्बन्धको अवस्थामा फेरबदल हुने सामाजिक अवस्थामा जटिलता थपिँदै जान्छ । यसैले सुशासनमा असर पार्ने विभिन्न तत्वहरुले रेडप्लस प्रतिफलमा समेत प्रत्यक्ष असर पार्ने हुँदा यसका बारेमा सरोकारवालाबीच अन्तर्क्रिया/छलफल नियमित रुपमा हुनु जरुरी हुन्छ । सामुदायिक वन व्यवस्थापन सन्दर्भमा सरकारी संयन्त्र हालसम्म पनि नियन्त्रणमुखी छ जबकि परिवर्तित वन व्यवस्थापनको नीतिमा उनीहरुको भूमिका सहजीकरणमा बढी हुनुपर्छ (Pokharel 2006) । विधानतः सावउसहरु वन व्यवस्थापनका सन्दर्भमा सार्वभौम भए पनि हालसम्म उनीहरु वन पैदावारको मूल्य स्वतन्त्र रुपमा निर्धारण गर्न सशक्त भइसकेका छैनन् । स्थानीय तहमा रहेका वन कर्मचारी तथा स्थानीय राजनीतिक दलका नेता नै यस मामिलामा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्दै आएका छन् । यस सन्दर्भमा राज्यले रेडका नाममा अहिले भईरहेको समुदायमा आधारित वन व्यवस्थापन प्रक्रियामा समेत आफ्नो भूमिका अझ बढाउन सक्ने सम्भावना छ (Khatri 2012) ।

## नीति-नियम, अनुगमन तथा अनुशरण

सामुदायिक वनले वन व्यवस्थापनमा सुधार, सामाजिक परिचालन, आयआर्जन तथा स्थानीयस्तरमा संगठन सुदृढ बनाउने कार्यमा महत्वपूर्ण योगदान गरेको छ (Kanel 2004)) । सावनको अभ्यासलाई संस्थागत गर्न थुप्रै तत्वले भूमिका खेलेका छन् जसमध्ये सावनहरुद्धारा नीतिनियम तथा विधानको पालना, स्थानीय ज्ञान सीप तथा वन व्यवस्थापन प्रणालीमा अपनाउने खुवी र बाह्य ज्ञान तथा प्रविधिलाई भित्र्याउन सक्ने स्थानीय नेतृत्वकर्ताहरुको क्षमता प्रमुख हुन् । यिनै तत्वहरुले स्थानीय तहमा थुप्रै परिवर्तन समेत ल्याएका छन् । यस्ता सकारात्मक परिवर्तनहरुलाई स्थानीय समुदाय तथा नेताहरुको सशक्तीकरण तथा क्षमता अभिवृद्धिमार्फत अझै दरिलो बनाउन र संस्थागत गर्न सकिन्छ । यस्ता उपलब्धि तथा प्रयासलाई रेडप्लस अवधारणाले समेट्दै अघि बढ्न सकेमा यसबाट आशातित उपलब्धि हासिल गर्न सकिन्छ ।

यदि सावउसहरु नीति तथा नियम निर्माणमा प्रत्यक्ष रुपमा संलग्न भए, ती नीतिनियमको बारेमा जानकार भए भने मात्र तिनको पालना गर्न उनीहरु उत्प्रेरित हुन्छन् । तर, व्यवहारिक रुपमा सावउसका कार्ययोजनामा समेत उपभोक्ताहरु प्रत्यक्ष संलग्न हुने तथा यसभित्रका प्रावधानबारेमा जानकार हुने गरेको देखिँदैन । यसमाथि बाह्य देशबाट भित्रिएको रेडप्लस अवधारणाले वन संरक्षण गर्ने वास्तविक समुदायमा रेडप्लसबारे उत्प्रेरणा कम हुन सक्छ, जसले गर्दा यसमा मान्नुपर्ने नीति-नियम कममात्र पालना हुन सक्छन् र सरोकारवालाको विश्वास जित्न कठिनाई हुन्छ । यसकारण रेडप्लससम्बन्धी प्रशस्त जानकारी समुदायलाई दिनु जरुरी छ ।

रेडप्लस अवधारणाको प्रभावलाई राम्रोसँग बुझ्नका लागि वन सुशासन तथा वन व्यवस्थापनसम्बन्धी विगतमा भएका छलफल-अन्तर्क्रिया तथा वार्ता र यसबाट समुदायमा भएका सिकाइलाई व्यवहारमा ल्याउनु जरुरी छ । यसका लागि सहभागितामूलक अनुगमन, आपसमा अनुभव आदानप्रदान, विगतमा सावउसमा भएका अभ्यासको पुनरावलोकनजस्ता कुरालाई बलियो वनाउँदै संस्थागत गर्नुपर्छ । यस प्रकारका संस्थागत प्रयासलाई अन्य सरोकारवालाहरुले सिक्न सक्नुपर्छ । यो सिकाई रेडप्लसको नीति तथा अभ्यास प्रक्रियामा लैजान सकिन्छ । विगतको अनुभवबाट के देखियो भने सावउसभित्र पनि बढी शक्तिशाली र स्रोतमा पहुँच भएका व्यक्तिले चाहिनेभन्दा बढि प्रभाव पारिरहेका हुन्छन् । जैविक विविधता, जलवायु परिवर्तन, वातावरणीय सेवाको भुक्तानी र कार्बन व्यापार जस्ता अवधारणाका कुरा सावउसहरुको कार्ययोजनामा देखिनुले उनीहरु विश्वव्यापी सवालसँग पनि परिचित जस्तो देखिन्छ । तर, लक्षित समूहसँगको छलफलमा के पाइयो भने उक्त अवधारणा कुनै बाह्य व्यक्ति तथा संस्थाबाट प्रभावित छन् । छलफलका क्रममा उपभोक्ताहरु वन तथा वातावरणसम्बन्धी विश्वव्यापी सन्दर्भसँग त्यति परिचित छैनन् र उनीहरुलाई वनसम्बन्धी पछिल्ला, राष्ट्रियस्तरका सवालबारे समेत जानकारी छैन । यसको कारण उपभोक्ताहरुले यस सन्दर्भमा जानकारी राख्ने अवसर नपाएको पनि हुन सक्छ । रेडप्लस पनि विश्वव्यापी रुपमा विकसित हुँदै गरेको अवधारणा भएकोले सावउसहरु त्यति धेरै जानकार छैनन् । यसकारण क्षमता अभिवृद्धि, सहकार्य, स्रोतको सही परिचालन, अधिकार सुरक्षाजस्ता कुराको बारेमा पहिले नै सोच्न सकिएमा मात्र रेडप्लसमा सावउसहरुको सहभागिता उत्साहित रुपमा हुने देखिन्छ ।

## प्रभावकारिता तथा दक्षता

रेडप्लसलाई कार्बन उत्सर्जन घटाउने एक उपयुक्त रणनीतिका रुपमा लिइए पनि यसका लागि नीति-निर्माण र संस्थागत संरचनाका थुप्रै चुनौती सामना गर्नुपर्ने हुन्छ । राष्ट्रियस्तरमा हेर्ने हो भने समुदायमा भएका अभ्यास तथा संस्थागत संरचनाले रेडप्लसको प्रतिफल कस्तो हुने भन्ने निर्धारण गर्दछ । स्थानीय समुदायहरु वन स्रोतमा बढी आश्रित भएको अवस्थामा वन व्यवस्थापनको जिम्मा उनीहरुलाई दिँदा बढी प्रभावकारी देखिएको छ । यसले स्थानीय समुदायको आवश्यकता परिपूर्ति र वन संरक्षण गर्ने कार्य प्रभावकारी ढंगले अगाडि बढेको छ । तर, समुदाय तथा राज्य दुवैतर्फलाई चित्तबुझ्दो वन व्यवस्थापनको प्रतिफल प्राप्त हुन भने सकेको छैन ।

स्रोत माथिको स्वामित्व समुदायलाई हस्तान्तरण गर्नु गरिबी कम गर्ने एक प्रभावकारी रणनीति हो (Arnold 2001) । भनिए पनि यो विचारलाई रेडप्लसको सन्दर्भमा अवलम्बन गर्नु अलि विवादास्पद नै हुन्छ । रेडप्लसको अवधारणाबमोजिम वन व्यवस्थापन गर्नुको

मुख्य तात्पर्य वनबाट हुने कार्बन उत्सर्जन कम गर्नु भएकोले जीविकोपार्जन तथा गरिबीमा यसले गरेको योगदान नदेखिन सक्छ । यदि यस प्रकारका सहलाभलाई वास्ता गरिएन भने वनमा निर्भर समुदायको रेडप्लसप्रतिको चाख मरेर जान्छ र यसले समग्र वन व्यवस्थापनमा नै ठूलो चुनौती ल्याउन सक्छ । हालसम्म यस्ता सहलाभ तथा यस्तो लाभांश बारेमा स्पष्ट नभइसकेकाले रेडप्लसको प्रभावकारिता पनि अस्पष्ट अवस्थामा छ ।

वन व्यवस्थापनमा सहभागितात्मक पद्धतिमा जोड दिने र भू-स्वामित्व र कार्बन अधिकार सम्बन्धमा स्पष्ट रुपले पारिभाषित कार्य गर्न सकेमा रेडप्लस प्रतिफल प्रभावकारी तथा किफायती हुने कुरामा दुईमत छैन । साथै नीति तथा कानुनले निर्देशित गरेबमोजिम सावउसको सुशासनमा समेत वृद्धि भई वन व्यवस्थापनमा प्रभावकारिता बढेभैंm रेडप्लसमा पनि सावउसहरुले राम्रो प्रतिफलका लागि योगदान गर्न सक्छन् (Kanel 2004) । यति हुँदाहुँदै पनि रेडप्लस अवधारणामा प्रभावकारिता र किफायतिपन तथा दक्षतापूर्ण प्रतिफल खोजिने हुँदा यसको लागि निर्दिष्ट नीति तथा कानुनसमेत हुनु जरुरी देखिन्छ ।

## निष्कर्ष

वन व्यवस्थापनमा लागेका समूहहरुको सुशासन रेडप्लसको प्रतिफल प्रभावकारी बनाउने सर्तहरुमध्ये एक महत्वपूर्ण सर्त हो । विगतमा भएका र सिकिएका वन सुशासनसम्बन्धी अभ्यासलाई रेडप्लसको नीति-निर्माण प्रक्रियामा जोड्नका लागि पर्याप्त प्रयास भएको पाइदैन । यस अध्ययनले सावको आन्तरिक सुशासन प्रक्रियामा जोड दिन सकेमा रेडको प्रभावकारिता बढाउन महत्वपूर्ण योगदान हुने कुरा दर्शाएको छ । स्थानीय तहमा वन व्यवस्थापन गर्न सफल ठहरिएका यी स्थानीय संरचनाले रेडप्लसका लागि पनि उपयुक्त र प्रभावकारी प्रयासहरु गर्न सक्छन् । शासनपद्धतिसम्बन्धी केही मुख्य आधार तथा सूचना राखेर सावउसको विश्लेषण गर्दा स्थानीयस्तरमा रेडप्लस क्रियाकलाप सञ्चालन गर्न साव उपयुक्त संरचना भएको पाइयो । यद्यपि रेडप्लस कार्यान्वयनका सन्दर्भमा उनीहरुलाई थप क्षमता अभिबृद्धि, सशक्तिकरण तथा अतिरिक्त स्रोतहरुको आवश्यकता पर्ने हुन्छ । यसैगरी सावउस अझै बढी समावेशी प्रकृतिको हुनु जरुरी हुन्छ जसले गर्दा रेडप्लस कार्यक्रममा सबैको अपनत्व रहोस् । यसो गर्न नसकिएमा सावउसको सुशासन कमजोरमात्र हुने होइन, उनीहरुको आधिकार सुरक्षा गर्नका लागि माग राख्नसक्ने तथा वार्ता गर्ने क्षमता समेत कम हुन जान्छ । अध्ययनबाट प्राप्त रेडप्लससँग सम्बन्ध राख्ने केही मुख्य कुरा निम्न छन् ।

- सामुदायिक वनसम्बन्धी हालका नीतिगत संरचनाले वनबाट आधारभूत आवश्यकता परिपूर्तिका लागि समुदायको पहुँचलाई सुरक्षित गरेको छ । यसकारण विद्यमान सावउससम्बन्धी नीति उपभोक्ताको अधिकार प्रयोग गर्ने अवसर प्रदान गर्न उपयोगी नै छन् । तर पनि समग्र वातावरणीय सेवा जस्तैः कार्बन सञ्चिति, व्यापार तथा रेडप्लस परियोजनाका निम्ति थप स्पष्ट र फराकिलो दायरा भएको नीतिगत खाका आवश्यक पर्न सक्छ ।
- सहभागिता, जवाफदेहिता तथा पारदर्शिता अभिवृद्धि गर्न आवश्यक, प्रभावकारी र स्थानीयस्तरमा सुहाँउदा सुशासनका उपाय सावउसले अवलम्बन गरेका छन् । यस्ताखालका उपाय र प्राप्त सिकाइहरु रेडप्लसमा स्थानीय तहको प्राविधिक तथा आर्थिक सुशासन सुनिश्चित गर्न उत्तिकै सान्दर्भिक र महत्वपूर्ण देखिन्छ ।
- सावउसहरुमा सहभागितात्मक योजना तर्जुमा तथा निर्णय प्रक्रियालाई संस्थागत गर्ने प्रयास भएको छ र यसकारण सावउसका सदस्यमा वनप्रति अपनत्व देखिन्छ । तर, यस्ता प्रयास धेरैजसो औपचारिकतामा मात्र सीमित र केही हुनेखानेहरुले बढी प्रभाव पारेको देखिन्छ । यसकारणले सावका सिकाइहरु रेडप्लसमा लैजानुअघि यसप्रति विशेष ख्याल राख्नु जरुरी छ ।
- हालसम्म सामुदायिक वनको सञ्चालनमा मुख्यगरी नेतृत्व चयन र लाभांश बाडफाँटमा सरोकारवालाको सम्बन्धले विशेष भूमिका खेलेको देखिन्छ । राष्ट्र नै राजनीतिक रुपान्तरणमा प्रवेश गरेको र थुप्रै वर्ग तथा समूहहरु यसप्रति जागरुक भएकाले यस सन्दर्भमा थप भूमिका खेलेको हुन सक्छ । रेडप्लसका सन्दर्भमा हाल भएको शक्ति सम्बन्ध र संरचना परिवर्तन हुनसक्ने सम्भावना पनि छ किनकि रेडप्लसमा नीजि क्षेत्र मुख्य सरोकारवालाका रुपमा देखा पर्न सक्छ र उनीहरुको भूमिका हावी हुनसक्छ ।

- सावउसहरुमा स्पष्ट र दुरदृष्टि, बलियो प्रतिबद्धता, धैर्यता तथा वन व्यवस्थापन गर्नसक्ने क्षमता हुँदाहुँदै पनि सामुदायिक वनको परिवर्तन प्रक्रियामा सामुदायिक वनलाई सहयोग गर्ने अन्य निकायहरुको भूमिका कम छैन । यसकारण रेडप्लस तथा जलवायु परिवर्तनसम्बन्धी सहजीकरण गर्ने निकायले सन्देश प्रवाहमात्र भन्दा पनि रेडप्लसलाई संस्थागत गर्नेतिर बढी भूमिका खेल्नु पर्ने हुन्छ ।

- स्वीकृत विधान तथा कार्ययोजनाको पालना गर्ने सावउसको प्रचलनले सामुदायिक वनको सफलतालाई इंगित गरे पनि कमजोर तथा संस्थागत हुन नसकेको स्वअनुगमन र बाह्य सन्दर्भहरुका बेवास्ताले रेडप्लस कार्यान्वयनमा व्यवधान ल्याउन सक्छ । यदि यस पक्षमा विशेष ध्यान दिने र केही स्रोत छुट्याउने हो भने मात्र रेडप्लस प्रक्रियामा थप योगदान पुग्न सक्छ ।

- सावउसहरुले हालसम्म तयार पारेका साझेदारी र सहकार्यको वातावरण तथा स्थानीय संघसंस्थासँगको सहकार्यलाई अवसरका रुपमा लिएर प्राप्त सिकाइलाई संस्थागत गर्दै रेडप्लसमा सहकार्यलाई अघि बढाउन सकिन्छ ।

- स्थानीय समुदायहरुको वनमाथिको अधिकार सुनिश्चित गर्नका लागि विश्व परिवेश तथा बाह्य वातावरण र यसको स्थानीय तहमा पर्ने प्रभावलाई हेर्नु जरुरी हुन्छ । तर, नेपालका सावउसहरुको सन्दर्भमा रेडप्लसजस्तो बाह्य परिवर्तनबाट हुर्कदै गरेको अवधारणाबाट समुदायले आफ्नो हक अधिकार सुरक्षित गर्न र न्यायोचित लाभांश बाडफाँटमा भूमिका खेल्न सक्छ भन्ने कुरा अझै पनि सोचनीय छ ।

## सन्दर्भ सामग्री


**Agrawal, B.** 2001. Participatory Exclusions, Community Forestry, and Gender: An Analysis for South Asia and a Conceptual Framework. *World Development,* **29**(1): 1623-1648.

**Agrawal, A. and Angelsen, A.** 2009. Using Community Forest Management to Achieve REDD+ Goals. In: A. Angelsen, with M. Brockhaus, M. Kanninen, E. Sills, W.D. Sunderlin, and S. Wertz-Kanounnikoff (Eds.), *Realising REDD+: National strategy and policy options* (pp. 201-212). CIFOR, Bogor, Indonesia.

**Angelsen, A. and McNeill, D.** 2012. The Evolution of REDD+. In: A. Angelsen, M. Brockhaus, W.D. Sunderlin, and L.V. Verchot (Eds.), *Analysing REDD+: Challenges and Choices*. CIFOR, Bogor, Indonesia.

**Arnold, J.E.M.** 2001. Forests and People: 25 Years of Community Forestry. Rome: Food and Agriculture Organization.

**Arnold, J.E.M. and Stewart, W.C.** 1991. *Common Property Resource Management in India*. Oxford: Oxford Forestry Institute, University of Oxford.

**CFD.** 2009. Community Forestry Guideline. Kathmandu: Community Forestry Division, Ministry of Forests and Soil Conservation.

**Charnley, S. and Poe, M.** 2007. Community Forestry in Theory and Practice: Where are We Now? *Annual Review of Anthropology*, **32**: 301-336.

**Kanel, K. R**. 2004. Twenty-five Years' Community Forestry: Contribution to Millennium Development Goals. Twenty-five Years of Community Forestry, *Proceedings of the Fourth National Workshop on Community Forestry* (pp. 4-18). Kathmandu: **Khatri, D.** 2012. Is REDD+ Redefining Forest Governance in Nepal? *Journal of Forest and Livelihoods*, **10**(1): 74-87.

**Khatri, D.** 2012. Is REDD+ Redefining Forest Governance in Nepal? *Journal of Forest and Livelihoods*, **10**(1): 74-87.

**Luintel, H., Bhattarai, B. and Ojha, H.R**. 2007. Internal Group Governance in the Context of Community Based Forest Management: A Review of Recent Innovations and an Analytical Framework. RECOFTC, Bangkok, Thailand.

**Luintel, H., Ojha, H., Rana, B., Subedi, R. and Dhungana, H.** 2009. Community Forestry in Nepal: Promoting Livelihoods, Community Development and the Environment. Forest Action Nepal and Livelihoods and Forestry Programme.

**Pokharel, B. K.** 2006. *Contribution of Community Forestry to People's Livelihoods and Forest Sustainability: Experience from Nepal. World Rainforest Movement, Montevideo, Uruguay.* (http://www.wrm.org.uy/countries/Asia/Nepal.html accessed on 5 October 2010)

**Pokharel, B. K. and Niraula, D.R.** 2004. Community Forestry Governance in Nepal: Achievements, Challenges and Options for the Future. Twenty Five Years of Community Forestry, *Proceedings of the Fourth National Workshop on Community Forestry* (pp. 298-316). Kathmandu: Community Forest Division, Department of Forests.

**Pokharel, B. K. and Nurse, M.** 2004. Forests and People's Livelihoods: Benefiting the Poor from Community Forestry. *Journal of Forests and Livelihoods*, **4**(1): 19-29.

**Pokharel, B. K., Branney, P., Nurse, M. and Malla, Y. B**. 2007. Conserving Forests, Sustaining Livelihoods and Strengthening Democracy. *Journal of Forest and Livelihoods,* **6**(2).

**Poudyal, B.H. Paudel, G. and Luintel, H.S.** 2010. Case Study on Internal Group Governance in the Community Forest User Groups of Nepal. Bangkok, Thailand: RECOFTC.

**Ribot, J.C., Chhatre, A., Lankina, T.** 2008. Institutional Choice and Recognition in the Formation and Consolidation of Local Democracy. *Conservation and Society*, **6**(1): 1-11.

**Robledo, C., Blaser, J., Byrne, S. and Schmidt, K.** 2008. Climate Change and Governance in the Forest Sector. An Overview of the Issues on Forests and Climate Change with Specific Consideration of Sector Governance, Tenure and Access for Local Stakeholders. Washington, D.C.: Rights and Resources Institute.

**Sikor, T., Stahl, J., Enters, T., Ribot, J.C., Singh, N., Sunderlin, W.D. and Wollenberg, L.** 2010. REDD-plus, Forest People's Rights and Nested Climate Governance. *Global Environmental Change*, **20**(3).

**Springate- Baginski, O., Yadav, N.P., Dev, O.P. and Soussan, J.** 2003. Institutional Development of Forest User Groups in Nepal: Processes and Indicators. *Journal of Forest and Livelihood*, **3**(1).

**Springate-Baginski, O. and Wollenberg, E. (Eds.).** 2010. REDD, Forest Governance and Rural Livelihoods: the Emerging Agenda. CIFOR, Bogor, Indonesia.

**Stern, N.** 2006. The Stern Review: the Economics of Climate Change. Cambridge University Press.

**Venter, O., Laurance, W.F., Iwamura, T., Wilson, K.A., Fuller, R.A. and Possingham, H.P.** 2009. Harnessing Carbon Payments to Protect Biodiversity. *Science*, **326**: 1368.

**Visseren-Hamakers, I.J., McDermott, C., Vijge, M.J. and Cashore, B.** 2012. Trade-offs, Co-benefits and Safeguards: Current Debates on the Breadth of REDD+. *Current Opinion in Environmental Sustainability*, **4**: 646–653.